नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
# नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : .२०७७/०७८
चलानी नम्बर :

मितिः २०७७।०४।२६

## निषेधाज्ञा जारी सम्बन्धी अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोवल कोरोना भाइरस (कोभिड-१९) का यस जिल्लामा हालसम्म ६१ जना व्यक्तिहरु संक्रमित भइसकेको र समुदायस्तरमा समेत संक्रमण देखिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त कोभिड-१९ परीक्षण नतीजा अनुसार यस जिल्लाको दुप्चेश्वर गाउँपालिकाका ३ जनामा कोभिड-१९ को संक्रमण देखिएको तथा अन्य क्षेत्रमा समेत जोखिम बढेको हुँदा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०४।२३ गतेको निर्णयानुसार मिति २०७७।०४।२४ गते मध्यरात देखि जिल्लाका केहि क्षेत्रमा जारी निषेधाज्ञालाई प्रभावकारी कार्यान्वयन गर्दै संक्रमण देखिएका नयाँ क्षेत्रहरुमा समेत निषेधाज्ञा जारी गर्नुपर्ने आवश्यकता देखिएको छ ।तसर्थ यस कार्यालयबाट मिति २०७७।०४।२३ गते जारी निषेधाज्ञालाई निरन्तरता दिदैं निरन्तरता दिदैं देहायका क्षेत्रमा समेत स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७।०४।२६ गते राति १२:०० बजेदेखि ८ दिनसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ ।यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**निषेधाज्ञा जारी हुने क्षेत्रः**

१. दुप्चेश्वर गाउँपालिकाको सम्पूर्ण क्षेत्र
२. तादी गाउँपालिकाको वडा नं २, ३, ४ र ५ का सम्पूर्ण क्षेत्र
३. तारकेश्वर गाउँपालिकाको वडा नं २, ४, ५ र ६ का संम्पूर्ण क्षेत्र
४. शिवपुरी गाउँपालिकाको बाँकी वडा नं १, २, ३, ४ र ५ का सम्पूर्ण क्षेत्र
५. पञ्चकन्या गाउँपालिकाको बाँकी वडा नं ४ र ५ का सम्पूर्ण क्षेत्र

**निषेधाज्ञा जारी भएका क्षेत्रमा देहायका कार्यहरु गर्न/गराउन रोक लगाउनेः**

क) औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्कन ।

ख) एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दुध, खानेपानी, पेट्रोलियम पदार्थ बोक्ने गाडी, शव बाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र अनुमति प्राप्त साधन बाहेक कुनै प्रकारका सार्वजनिक वा निजी यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन गर्न ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
# नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : .२०७७/०७८
चलानी नम्बर :

ग) अत्यावश्यक उपभोग्य वस्तु बिक्रि गर्ने खाद्यान्न पसल, पेट्रोल पम्प, ग्याँस डिपो, औषधी पसल बाहेक सम्पूर्ण पसल, उद्योग, व्यवसाय सञ्चालन गर्न (तर खाद्यान्न पसल बिहान ६:०० बजेदेखि १०:०० बजेसम्म मात्र खोल्न पाइने) ।

घ) स्वास्थ्य संस्था र अत्यावश्यक सेवाका कार्यालयहरु बाहेक बैंक, वित्तीय संस्था, सहकारी सहित सबै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रका कार्यालयबाट प्रदान हुने नियमित सेवा सञ्चालन गर्न।

ङ) धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु सञ्चालन गर्न ।

पुनश्चः

१. निषेधित क्षेत्र बाहेक जिल्लाको सम्पूर्ण भागमा धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु सञ्चालन गर्न/गराउन पाइनेछैन ।

२. जिल्लाका सबै नाकाहरुबाट माथि उल्लेखित अत्यावश्यक सेवाका सवारी साधन, एम्बुलेन्स र जिल्ला प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारी साधन बाहेक सम्पूर्ण सवारी साधन तथा पैदल आवातजावत पूर्णरुपमा रोक लगाइएको छ ।

३. नेपाल सरकारबाट तोकिएको स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने/गराउने गरी स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी अनुमति पत्रको आधारमा मात्र तत्काल नगरी नहुने प्राथमिकता प्राप्त आयोजनाहरुको लागि अन्तरजिल्ला तथा जिल्लाभित्रको लागि निर्माण सामग्री ढुवानी गर्न सहजीकरण गरिनेछ।

४. कुखुरा, कुखुराका चल्ला तथा अण्डा जिल्लामा आयात गर्न पूर्णरुपमा रोक लगाउने तर जिल्लाभित्र उत्पादित अवधि पुगेका कुखुरा जिल्ला बाहिर निर्यात गर्न सहजीकरण गर्ने । यसरी जिल्ला बाहिर गई फर्किने सवारी साधनका चालक र सहयोगी अनिवार्यरुपमा क्वारेन्टीनमा बस्नुपर्नेछ ।

२०७८/१/२५

(झंकनाथ ढकाल)
प्रमुख जिल्ला अधिकारी